गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

जनस्वास्थ्य बुलेटिन
अंक: १४
महिना: माघ
आ. व: २०८२/८३

## जनस्वास्थ्य बुलेटिन- माघ २०८२

### मुख्य उपलब्धीहरु

- ☐ नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी एकीकृत स्वास्थ्य शिविर संचालन
- ☐ स्वास्थ्य सचिवद्वारा स्वास्थ्य सहायता (हेल्थ डेस्क) कक्ष अवलोकन
- ☐ नियमित खोप कार्यक्रम स्वास्थ्यकर्मी क्षमता अभिवृद्धि २ दिने पुनर्ताजगी तालिम
- ☐ आत्महत्या सम्बन्धी जिम्मेवार समाचार सम्प्रेषण सम्बन्धी कार्यक्रम
- ☐ MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम
- ☐ व्यावसायिक स्वास्थ्य तथा सुरक्षा (OSH) अभिमुखीकरण कार्यक्रम
- ☐ एकीकृत परिवार योजना शिविर संचालन
- ☐ IMNCI कार्यक्रम आ.व. २०८१/८२ समिक्षा तथा कार्ययोजना गोष्ठी

### मासिक कार्यक्रम सारांश

संचालित कार्यक्रम कुल संख्या: २७

कार्यक्रम प्रकारअनुसार:

- तालिम: ०२
- अभिमुखीकरण: ०५
- अन्तरक्रिया तथा गोष्ठी: ०५
- स्थलगत अनुशिक्षण: ०७
- अनुगमन तथा सुपरिवेक्षण: ०३
- समिक्षा तथा अन्य बैठक: ०३
- समुदाय साझेदारी कार्य: ०३

### संचालित कार्यक्रमहरुको विवरण

## नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम तथा एकीकृत स्वास्थ्य शिविर संचालन

मिति २०८२/१०/०४ गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), सशक्त प्रहरी बल नेपाल नं ३१ गुल्म हे.क्या.-नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र मध्यविन्दु प्रादेशिक अस्पतालको सयुक्त आयोजना विनयी त्रिवेणी गाउँपालिकाको समन्वयमा सोहि गाउँपालिकाको वार्ड नं ६ र ७, त्रिवेणी सुस्तामा माघी औशी- मेलाको अवसरमा नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम तथा एकीकृत स्वास्थ्य शिविर संचालन गरिएको थियो। शिविरबाट कुल १७८ लाभान्वित





## गण्डकी प्रदेश सरकार- स्वास्थ्य सचिवद्वारा स्वास्थ्य सहायता (हेल्थ डेस्क) कक्ष अवलोकन

मिति २०८२/१०/०४ गतेका गण्डकी प्रदेश सरकार- स्वास्थ्य मन्त्रालयका सचिव डा. विश्व बन्धु बगाले तथा जनस्वास्थ्य प्रशासक सुरज गुरौले प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को मातहतमा संचालित विनयी त्रिवेणी गाउँपालिका स्थित त्रिवेणी नाकाको स्वास्थ्य साहायत कक्ष (Health Desk) अवलोकन गरि आवश्यक मार्गदर्शन प्रदान गर्नु भएको थियो ।






## नियमित खोप सेवा सञ्चालन तथा सरसफाइ प्रवर्द्धनमा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि पुनर्ताजगी तालिम

मिति २०८२/१०/०७ र ०८ गते मध्यविन्दु नगरपालिकामा नियमित खोप सेवा सञ्चालन तथा सरसफाइ प्रवर्द्धनलाई प्रभावकारी बनाउन सोहि नगरपालिका तथा हुप्सेकोट गाउँपालिकाका स्वास्थ्यकर्मीहरूको ज्ञान, सिप र दक्षता अभिवृद्धि गर्ने उद्देश्यले २ दिने पुनर्ताजगी तालिम सफलतापूर्वक सञ्चालन गरिएको छ । तालिममा नियमित खोप कार्यक्रमको प्रभावकारी कार्यान्वयन, खोप व्यवस्थापन, समुदायमा सरसफाइ व्यवहार प्रवर्द्धन तथा सेवाको गुणस्तर सुधारसम्बन्धी विषयमा व्यवहारिक ज्ञान र सिप प्रदान गरिएको थियो ।





## आत्महत्या सम्बन्धी जिम्मेवार समाचार सम्प्रेषण, तथा नसर्ने रोगहरुको स्क्रिनिङ कार्यक्रम

मिति २०८२/१०/०८ गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजना तथा मध्यविन्दु प्रादेशिक अस्पतालसंगको सहकार्यमा सञ्चारकर्मीहरूको लागि आत्महत्या सम्बन्धी जिम्मेवार समाचार सम्प्रेषण, मानसिक स्वास्थ्य प्रवर्धन तथा नसर्ने रोगहरुको स्क्रिनिङ कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा जिल्ला स्तरमा आत्महत्या र मानसिक स्वास्थ्य समस्याको अवस्था विषयमा छविलाल सुबेदी, जनस्वास्थ्य अधिकृत, प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ले प्रस्तुतिकरण गर्नु भएको थियो भने दोस्रो सत्रमा एकद्वार संकट व्यवस्थापन केन्द्र (One stop Crisis Management Center) सम्बन्धी जानकारी डा. रामेश आचार्य, मेडिकल सुपरिन्टेन्डेन्ट, मध्यविन्दु प्रादेशिक अस्पतालले गराउनु भएको थियो ।

## MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम- ३ स्थानमा

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को वार्षिक स्वीकृत मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम अन्तर्गत विनयी त्रिवेणी आधारभूत अस्पताल, कोटथर स्वास्थ्य चौकी र बुलिङटार प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम सम्पन्न गरिएको छ । क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रममा सामान्य प्रसूति, प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन, प्रि-एक्लेम्पसिया/ एक्लेम्पसिया व्यवस्थापन, निशासिएको नवशिशुको व्यवस्थापन, संक्रमण रोकथाम र नियन्त्रण जस्ता विषयमा ज्ञान सिपको बिकास गरिएको थियो साथै अनसाईट कोचिङको तेश्रो दिन गुणस्तर सुधार अनुगमन (QI) गरी सुधारको लागि बैठक बसी सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको थियो । उक्त कार्यक्रमको सहजीकरण प्रदेश जानस्वास्थ्य कार्यालयबाट पब्लिक हेल्थ नर्स निरीक्षक भूमिका निरौलाले गर्नु भएको थियो ।





## क्षयरोग (TB) रोकथाम तथा नियन्त्रणमा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि २ दिने पुनर्ताजगी तालिम

मिति २०८२/१०/०८ र ०९ गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजना तथा JANTRA Nepal को सहयोगमा जिल्लाका ८ वटा स्थानीय तहहरुका स्वास्थ्यकर्मीहरूका लागि क्षयरोग (TB) रोकथाम, पहिचान, उपचार तथा रिपोर्टिङ प्रणालीलाई प्रभावकारी बनाउन उद्देश्यसहित २ दिने पुनर्ताजगी तालिम सफलतापूर्वक सञ्चालन गरिएको छ । तालिममा क्षयरोगको राष्ट्रिय कार्यक्रम, केस डिटेक्सन, प्रयोगशाला परीक्षण, उपचार अनुगमन, TB रिपोर्टिङ तथा सेवाको गुणस्तर सुधारसम्बन्धी विषयमा व्यवहारिक ज्ञान र सिप प्रदान गरिएको थियो ।





## विद्यालय नर्सद्वारा किशोरी स्वास्थ्य प्रवर्द्धनका लागि आइरन फोलिक एसिड (IFA) वितरण

श्री भानुदय नमुना माध्यमिक विद्यालयमा विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम अन्तर्गत किशोरी छात्राहरूलाई आइरन फोलिक एसिड (IFA) ट्याब्लेट वितरण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको छ। उक्त कार्यक्रम विद्यालय स्वास्थ्य नर्स गीतीका भुसाल ज्यूद्वारा सञ्चालन गरिएको थियो। कार्यक्रममा किशोरीहरूलाई IFA ट्याब्लेटको नियमित सेवनको महत्व, रक्तअल्पता रोकथाममा यसको भूमिका, पोषणयुक्त खानपानको आवश्यकता तथा किशोरावस्थामा स्वास्थ्य सन्तुलन कायम राख्नुपर्ने विषयमा विस्तृत परामर्श प्रदान गरिएको थियो।





## विद्यालयद्वारा सरस्वती पूजा तथा विद्यालय भर्ना दिवसको अवसरमा विद्यार्थी स्वास्थ्य परीक्षण

सरस्वती पूजा तथा विद्यालय भर्ना दिवसको अवसरमा श्री भीमसेन नमुना माध्यमिक विद्यालयमा नयाँ भर्ना भएका मोन्टेसरी तहका विद्यार्थीहरूका लागि विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा अन्तर्गत शारीरिक मापन (Anthropometric Assessment) तथा सामान्य स्वास्थ्य परीक्षण (General Health Assessment) सम्पन्न गरिएको थियो। विद्यालय स्वास्थ्य नर्स पूजा गौतम ज्यूद्वारा सञ्चालन गरिएको उक्त स्वास्थ्य परीक्षणमा विद्यार्थीहरूको उचाइ, तौल, पोषण अवस्था तथा समग्र स्वास्थ्य अवस्थाको प्रारम्भिक मूल्याङ्कन गरिएको थियो। यस परिक्षणले विद्यार्थीहरूको स्वास्थ्य अवस्थाबारे प्रारम्भिक जाँच गरि समयमै आवश्यक परामर्श सेवाको लागि जोड दिनेछ।





## IMNCI कार्यक्रम आ.व. २०८१/८२ समिक्षा तथा आ.व. २०८२/८३ कार्ययोजना गोष्ठी

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को वार्षिक स्वीकृत बाल स्वास्थ्य कार्यक्रम अन्तर्गत एकीकृत बालरोग व्यवस्थापन (IMNCI) कार्यक्रमको आ.व. २०८१/८२ को समिक्षा तथा आ.व. २०८२/८३ को कार्ययोजना गोष्ठी सम्पन्न गरिएको थियो । गोष्ठीमा IMNCI कार्यक्रम अन्तर्गत शिशु तथा बालबालिकामा देखिने प्रमुख रोगहरूको अवस्था, सेवा प्रवाहको उपलब्धि, चुनौती, सिकाइ तथा सुधारका क्षेत्रहरूको समिक्षा गरिएको थियो । साथै आगामी आ.व. २०८२/८३ का लागि IMNCI कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि रणनीति, प्राथमिकता र कार्ययोजना तय गरिएको थियो ।




## व्यावसायिक स्वास्थ्य तथा सुरक्षा (OSH) अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा CG Factories, दुम्कौली परिसर र गोर्खा ब्रेवेरी, गैंडाकोटमा कार्यरत कर्मचारी/श्रमिक/कामदारहरुका लागि व्यावसायिक स्वास्थ्य तथा सुरक्षा (Occupational Safety and Health OSH) सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा श्रमिकहरुको कार्यस्थल सुरक्षासम्बन्धी ज्ञान अभिवृद्धि, सुरक्षित काम गर्ने अभ्यास, कार्यस्थलमा हुने सम्भावित जोखिमहरुको पहिचान तथा न्यूनीकरणका उपायहरुबारे छलफल गरिएको थियो ।





## किशोरकिशोरी लक्षित सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम


प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत जिल्लाका विभिन्न स्थानीय तह तथा विद्यालयहरुमा किशोरकिशोरी लक्षित सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममार्फत किशोरकिशोरीहरुलाई सुरक्षित मातृत्व, यौन तथा प्रजनन् स्वास्थ्य, परिवार योजना, किशोरावस्थामा हुने शारीरिक तथा मानसिक परिवर्तन, लैङ्गिक समानता तथा स्वास्थ्य सेवामा पहुँचका विषयमा जानकारी तथा सचेतना प्रदान गरिएको थियो।





## एच.पि.भी. खोप अभियान २०८२/८३ योजना गोष्ठी

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा मिति २०८२/१०/१९ गते एच.पि.भी. खोप अभियान २०८२/८३ को प्रभावकारी कार्यान्वयनका लागि जिल्ला स्तरीय योजना गोष्ठी सम्पन्न गरिएको थियो । गोष्ठीमा जिल्लाका ८ वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, शिक्षा शाखा प्रमुख तथा खोप कार्यक्रम फोकल पर्सनहरुको सहभागिता रहेको थियो । योजना गोष्ठीमा एच.पि.भी. खोप अभियानको समग्र तयारी, कार्यान्वयन रणनीति, अन्तरक्षेत्रीय समन्वय तथा सुरक्षित खोप सेवा सुनिश्चित गर्ने विषयमा केन्द्रित रही चार वटा प्रमुख प्राविधिक सत्रहरु सञ्चालन गरिएका थिए ।





## सर्पदंश (Snakebite) व्यवस्थापन सम्बन्धी ३ दिने तालिम

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा मिति २०८२/१०/१८ देखि २० गतेसम्म सर्पदंश (Snakebite) व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न गरिएको छ। उक्त तालिम जिल्लाभित्र सर्पदंशको समयमै पहिचान, प्रभावकारी उपचार तथा जटिलता न्यूनीकरण गर्ने उद्देश्यले सञ्चालन गरिएको हो। तालिममा NPI कालिगण्डकी कावासोतीका डा. छविलाल थापा, मध्यविन्दु प्रादेशिक अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा. रमेश प्रसाद आचार्य, गराऊ अस्पताल, स्याङ्जाका डा. विक्रम तिवारी, तथा देवचुली अस्पतालका डा. कमल राज न्यौपानेद्वारा सर्पदंशको क्लिनिकल व्यवस्थापन, एन्टिभेनमको सुरक्षित प्रयोग, आपतकालीन उपचार, रेफरल प्रणाली तथा केस व्यवस्थापन सम्बन्धी सत्रहरु सञ्चालन गरिएको थियो।





## निपाह भाइरस (Nipah Virus) सम्बन्धी स्वास्थ्यकर्मी अभिमुखीकरण

प्प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा स्वास्थ्यकर्मीहरुका लागि निपाह भाइरस (Nipah Virus) सम्बन्धी अभिमुखीकरण कार्यक्रम पनि सम्पन्न गरिएको छ। यस अभिमुखीकरणको उद्देश्य उदीयमान तथा उच्च जोखिमयुक्त संक्रामक रोगहरूप्रति स्वास्थ्यकर्मीहरुको सतर्कता, ज्ञान र तयारीलाई सुदृढ बनाउनु रहेको थियो। अभिमुखीकरण सत्र डा. सरोज पोखरेल, कन्सल्टेन्ट फिजिसियन, मध्यविन्दु प्रादेशिक अस्पतालद्वारा सहजीकरण गरिएको थियो। सत्रमा निपाह भाइरसको संक्रमणको प्रकृति, सर्ने माध्यम, लक्षण र केस पहिचान, संक्रमण रोकथाम तथा नियन्त्रण (IPC) उपायहरु, शंकास्पद केसको प्रारम्भिक व्यवस्थापन, रेफरल प्रणाली तथा स्वास्थ्य संस्थामा अपनाउनुपर्ने सावधानीका विषयमा विस्तृत जानकारी प्रदान गरिएको थियो।






## मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा मिति २०८२/१०/२० र २१ गते क्रमानुसार देवचुली नगरपालिका-१३ र गैंडाकोट नगरपालिका-१५ मा मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ ।यस कार्यक्रमको उद्देश्य समुदायस्तरमा मानसिक स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गर्नु, मानसिक स्वास्थ्य समस्याको पहिचान, रोकथाम तथा समयमै सेवा पहुँचलाई प्रोत्साहन गर्नु रहेको थियो। कार्यक्रममा मानसिक स्वास्थ्यको आधारभूत अवधारणा, सामान्य मानसिक स्वास्थ्य समस्या तथा लक्षणहरू, मानसिक स्वास्थ्यसँग जोडिएका सामाजिक भ्रम र मिथ्या (stigma), आत्महत्याको रोकथाम, तनाव व्यवस्थापन, तथा समुदायस्तरमा उपलब्ध मानसिक स्वास्थ्य सेवाहरू र रेफरल प्रणालीका विषयमा विस्तृत जानकारी प्रदान गरिएको थियो।





## एकीकृत परिवार योजना घुम्ती शिविर अगावै अन्तरक्रिया कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा मिति २०८२/१०/२५ गते एकीकृत परिवार योजना शिविर (बन्ध्याकरण तथा लामो अवधीको परिवार योजना सेवा) सञ्चालन पूर्व घुम्ती शिविर अगावै अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा ८ वटा स्थानीय तहका परिवार योजना फोकल पर्सनहरू, शिविर सञ्चालन हुने स्वास्थ्य संस्था/क्षेत्रका स्वास्थ्यकर्मीहरू, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHVs) तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।





## समुदाय स्तरमा माघ महिना विशेष नसर्ने रोग स्क्रिनिङ्ग शिविर- बौदिकाली तथा बुलिङटार गाउँपालिका

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), मध्यबिन्दु प्रादेशिक अस्पताल तथा प्रदेश आयुर्वेद चिकित्सालयको आयोजना र सम्बन्धित स्थानीय तहको समन्वयमा समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी स्क्रिनिङ्ग शिविरहरू सञ्चालन गरिएको थियो। यस अन्तर्गत बौदीकाली गाउँपालिका र बुलिङटार गाउँपालिकामा शिविर मार्फत समुदायस्तरमा नसर्ने रोगको पहिचान, समयमै परीक्षण तथा परामर्श सेवा प्रदान गरिएको थियो। समुदायमै सेवा पु¥याई नसर्ने रोगको प्रारम्भिक पहिचान तथा रोकथाममा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो।






## त्रिवेणी नाका स्थित स्वास्थ्य सहायता कक्ष (हेल्थ डेस्क) अवलोकन तथा अनुगमन

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) द्वारा त्रिवेणी नाका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा संचालित स्वास्थ्य सहायता कक्षको स्थलगत अवलोकन तथा अनुगमन गरिएको छ। उक्त स्वास्थ्य डेस्कमा सीमावर्ती क्षेत्रमा आवत–जावत गर्ने यात्रुहरूलाई स्वास्थ्य जाँच, परामर्श, रोग लक्षण पहिचान, र आवश्यक परेमा सिफारिस सेवा प्रदान गर्दै आएको छ। अनुगमनका क्रममा सेवा प्रवाहको अवस्था, अभिलेख व्यवस्थापन, आवश्यक सामग्री तथा औषधिको उपलब्धता, र सेवाको गुणस्तर सम्बन्धी अवलोकन गरिएको थियो। सीमा क्षेत्रमा सम्भावित स्वास्थ्य जोखिम न्यूनीकरण तथा रोग नियन्त्रणलाई प्रभावकारी बनाउन स्वास्थ्य सहायता कक्ष (हेल्थ डेस्क) मार्फत प्रदान गरिने सेवालाई थप सुदृढ गर्ने उद्देश्यले अनुगमन गरिएको हो।






## एकीकृत परिवार योजना (स्थायी बन्ध्याकरण तथा लामो अवधिको सेवा) घुम्ती शिविर २०८२

जिल्लामा सञ्चालन गरिएको एकीकृत परिवार योजना घुम्ती शिविर अन्तर्गत ४ वटा शिविर सफलतापूर्वक सम्पन्न भएका थियो । अभियान अवधिमा १८ जनाले परिवार योजना सम्बन्धी परामर्श सेवा प्राप्त गरेका छन् भने १० जनाले स्थायी बन्ध्याकरण सेवा (महिला मिनिल्याप) लिएका थिए । पुरुष बन्ध्याकरण सेवा भने शून्य रहेको थियो । शिविर त्रिवेणी सुस्ता स्वास्थ्य चौकी, मध्यविन्दु नगर अस्पताल, आधारभूत स्वास्थ्य सेवा केन्द्र ०९ विशालटार तथा मध्यविन्दु प्रादेशिक अस्पतालमा सञ्चालन गरिएको थियो। सेवा पूर्ण रूपमा सुरक्षित, गुणस्तरीय तथा निःशुल्क प्रदान गरिएको थियो। कार्यक्रम सञ्चालनमा मध्यविन्दु प्रादेशिक अस्पताल तथा Marie Stopes Nepal को प्राविधिक सहयोग रहेको थियो।







## प्रदेश जनस्वास्थ्य कार्यालयमा GIWMS, GIOMS, E-attendance

नेपाल सरकारको ‘सरकारी कार्यालयको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७८’ बमोजिम, साथै सूचना प्रविधि विभाग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ‘सम्पूर्ण सरकारी निकायको वेबसाईट अनिवार्य एकीकृत वेबसाईट व्यवस्थापन प्रणाली (GIWMS) मा आवद्ध गराउने निर्णय’ बमोजिम, प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ले आफ्नो वेबसाइट GIWMS प्लेटफर्ममा सफलतापूर्व आवद्ध गराएको जानकारी गराउँदछौं साथै नेपाल सरकारको ‘सरकारी कार्यालयको ई हाजिरी व्यवस्थापन सम्बन्धी निर्देशिका’ बमोजिम प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा कार्यालय कर्मचारीहरूको उपस्थिति व्यवस्थापनका लागि ई–हाजिरी प्रणाली (e-Attendance) पनि सुरु गरिएको जानकारी गराउँदछौं।






## 'त्रिवेणी सुस्ता हेल्थ डेक्स (Health Desk)' विशेष

### हेल्थ डेस्कबाट 'माघ २०८२' महिनामा प्रवाह गरिएको स्वास्थ्य सेवाहरुको विवरण




औलों जाचँ: २४
डेंगी जाचँ: ००
कोभिड-१९: ००
एच.आई.भी: ०४




औलों पोजेटिभ: ००
डेंगु पोजेटिभ: ००
कोभिड-१९ पोजेटिभ: ००
एच.आई.भी पोजेटिभ: ००

- कुल परिक्षण: २८
- जम्मा परामर्श सेवा गरेको संख्या: ५३७ (महिला: १४१ , पुरूष: ३९६)
- जम्मा स्क्रिनिङ गरेको संख्या: २८ (महिला: ००, पुरूष: २८)
- जम्मा प्राथमिक उपचार गरिएको संख्या: २२६ (महिला: १५, पुरूष: २११)











## सामाजिक संजालमा प्रदेश जनस्वास्थ्य कार्यालय- नवलपरासी (ब.सु.पू.)

**जाडोयाममा चिसो तथा शीतलहरबाट स्वास्थ्यमा पर्न सक्ने असरबाट बचौँ- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को प्रस्तुति**




पुरा भिडियो को लागि यहा क्लिक गर्नुहोस

**बर्खा मौसममा के के कुरामा ध्यान दिनु पर्ने रहेछ भन्ने बारे राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा जारी सन्देशमूलक भिडियो**




पुरा भिडियो को लागि यहा क्लिक गर्नुहोस

**राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा संचार केन्द्रद्वारा तयार गरिएको जापनीज इन्सेफलाइटिस् बारे जनचेतनामूलक भिडियो प्रस्तुति**






**जिल्लाका १० सर्पदंश उपचार केन्द्र तथा स्वास्थ्य संस्थाहरु सम्बन्धी जानकारी भिडियो**






- ☐ एच. पि.भी खोप अभियान २०८१ सारांश भिडियो प्रस्तुति: https://www.facebook.com/61564852269142/videos/1251224415970599
- ☐ नसर्ने रोगहरुको पहिचानको लागि १ महिने महिना फागुण २०८१को सारांश भिडियो प्रस्तुति : https://www.facebook.com/61564852269142/videos/946614314129210


## राष्ट्रिय प्राथमिकता कार्यक्रम तथा प्रदेश अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन योजनासंग सम्बन्धित सूचकहरु मासिक तथा यस आ. व. २०८२/८३ को प्रगती विवरण




# स्थानीय तहमा भएका स्वास्थ्य कार्यक्रमहरुको सुची

## गैंडाकोट नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. विपन्न नागरिक औषधि उपचार कार्यक्रम

## देवचुली नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. देवचुली नगर अस्पतालको नवनिर्मित भवन उद्घाटन समारोह
३. ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था लेखाजोखा कार्यक्रम
४. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
५. प्रजनन रुग्णता शिविर संचालन

## मध्यविन्दु नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. स्वास्थ्यकर्मीहरुलाई eHMIS/DHIS2/PAMV2 अभिमुखीकरण
४. मध्यविन्दु नगर अस्पताल तथा आखाँ अस्पताल सुरु तथा नवनिर्मित भवन उद्घाटन समारोह
५. नि:शुल्क आँखा शिविर

## कावासोती नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. पोषण कार्यक्रम

## बुलिङटार गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. निः शुल्क स्त्रीरोग सम्बन्धि शिविर कार्यक्रम
३. अपाङ्ग, अशक्त र जेष्ठनागरीकहरुको स्वास्थ्य परीक्षण, तथा परामर्श कार्यक्रम
४. निः शुल्क बालरोग शिविर कार्यक्रम

## विनयी त्रिवेणी गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन
३. नि:शुल्क आँखा शिविर
४. MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम

## हुप्सेकोट गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम
३. FP लामो अवधीको परिवार योजना सेवा घुम्ती शिविर

## बौदीकाली गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. सुत्केरी घरभेट जाँच कार्यक्रम
३. स्थानिय स्तरमा चिकित्सा सेवा बिस्तार कार्यक्रम
४. PNC कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा गोष्ठी
५. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्याकंन र संयुक्त मूल्याकंन कार्यक्रम
६. वृहत् पोषण कार्यक्रम

### आ.व. २०८०/८१ बाट स्वास्थ्य सेवा थप भएका स्वास्थ्य संस्था तथा सेवाको जानकारी

**सुरक्षित गर्भपतन सेवा**
Medical Abortion (MA) service
औषधिद्वारा गरिने गर्भपतन सेवा
**रजहर स्वास्थ्य चौकी, देवचुली नगरपालिका**



**परिवार योजना सेवा**
इम्प्लान्ट सेवा (Implant service)
**जौबारी स्वास्थ्य चौकी, बुलिङटार गाउँपालिका**
**रूचाङ स्वास्थ्य चौकी, बौदीकाली गाउँपालिका**

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
प्रदेश जनस्वास्थ्य कार्यालय- नवलपरासी (ब.सु.पू.)

## जनस्वास्थ्य कार्यालयको 'फागुण' का लागि कार्ययोजना

- निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) संचालन अनुगमन, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण,
- मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगको स्क्रिनिङ तथा रोकथाम कार्यक्रम सञ्चालन,
- स्वास्थ्य कार्यालय मार्फत MNH कार्यक्रम
- परिवार योजना र किशोरकिशोरी स्वास्थ्य सेवा कार्यक्रम संचालन अन्तर्गत एकीकृत परिवार योजना घुम्ती शिविर संचालन,
- किशोरकिशोरी लक्षित प्रजनन स्वास्थ्य, मर्यादित महिनावारी र परिवार योजना सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम,
- सुर्तीजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रणका लागि समन्वय बैठक तथा अनुगमन

## जनस्वास्थ्य कार्यालयको अनुरोधहरु

- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जाडो मौसममा जिल्लाबासीहरूलाई चिसोबाट जोगिन पर्याप्त न्यानो कपडा प्रयोग गर्न, तातो तथा पोषिलो खाना खान, र न्यानो पानी पिउन हार्दिक अनुरोध गर्दछ।
- प्रदेश जनस्वास्थ्य कार्यालय जाडो मौसममा देखिने विभिन्न संक्रमणजन्य रोगहरू जस्तै रुघाखोकी, फ्लु, निमोनिया तथा श्वासप्रश्वास सम्बन्धी समस्याबाट बच्न हात सफा राख्न, भीडभाडमा मास्कको प्रयोग गर्न, घरभित्र हावाप्रवाह सुनिश्चित गर्न तथा कुनै लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न सम्पूर्ण जिल्लाबासीलाई अनुरोध गर्दछ।

## सम्पर्कको लागि

**सूचना अधिकारी:** प्रविण कुमार खनाल, जनस्वस्थ्य अधिकृत ९७६६६२४१०५, honawalpur@gmail.com

**गुनासो सुन्ने अधिकारी:** केशव प्रसाद चापागाईं, जनस्वास्थ्य प्रशासक/कार्यालय प्रमुख ९८५७०४७९७६

**हेल्लो स्वास्थ्य (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय):** ११११५













